● वस्तुगत प्रश्नोत्तर

१. नेपाल विद्युत् प्राधिकरणका अनुसार आर्थिक वर्ष २०७६/०७७ सम्म राष्ट्रिय ग्रिडमार्फत कति प्रतिशत घरपरिवारमा राष्ट्रिय प्रसारण प्रणालीको विद्युत् पुगेको छ ?

✍ ८६.४४ प्रतिशत ।

- सौर्य, लघु जलविद्युत्लगायतबाट गरिएको विद्युतीकरणसमेत गर्दा अहिले ९० प्रतिशतभन्दा बढी जनसङ्ख्यामा विद्युत्को पहुँच पुगेको ऊर्जा, जलस्रोत तथा सिञ्चाइ मन्त्रालयले जनाएको ।
- सन् २०२२ भित्र प्रत्येक घरधुरीमा विद्युत् सेवा पुऱ्याउने र प्रतिव्यक्ति विद्युत् खपत ७ सय युनिट पुऱ्याउने सरकारको लक्ष्य रहेको । हाल प्रतिव्यक्ति ऊर्जा खपत २ सय ६० युनिट रहेको ।

२. भारतीय क्रिकेटर महेन्द्रसिंह धोनीले अन्तर्राष्ट्रिय क्रिकेटबाट सन्न्यास लिने घोषणा कहिले गर्नुभयो ?

✍ सन् २०२० अगस्ट १५ ।

- धोनी नेतृत्व र सफलताको दृष्टिकाणले भारतको सर्वाधिक सफल कप्तानमा पर्नुहुन्छ । भारतीय राष्ट्रिय टोलीको नेतृत्व गर्दै उनले अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आईसीसी)को तीन ठूला प्रतियोगिताको उपाधि जितेका छन् । उहाँले आफ्नै नेतृत्वमा भारतलाई आईसीसीको टेस्ट वरियताको शीर्षस्थानमा समेत पुऱ्याउनुभएको थियो ।
- धोनीलाई सीमित ओभरको क्रिकेटमा उत्कृष्ट 'फिनिसर' र तीक्ष्ण दिमाग भएका खेलाडीका रूपमा लिइन्छ ।
- राँचीका धोनीले सन् २००४ मा भारतीय टोलीमा पहिलोपटक पर्नुभएको थियो ।
- धोनीसँगै अर्का भारतीय खेलाडी सुरेश रैनाले पनि अन्तर्राष्ट्रिय क्रिकेटबाट सन्न्यासको घोषणा (१५ अगस्ट २०२०) गर्नुभएको ।

३. आख्यान एवम् गीत लेखनका विभिन्न १७ विधामा विश्व कीर्तिमान कायम गर्न सफल नेपाली प्रतिभा को हुनुहुन्छ ?

✍ डा. डीआर उपाध्याय ।
(डीआर म्युजिक एन्ड क्रिएसनद्वारा विक्रम संवत् २०७७ साउन २५ मा राजधानीमा आयोजित १७ वटा कीर्तिमान हस्तान्तरण एवम् एल्बम विमोजन कार्यक्रममा डा. उपाध्यायद्वारा प्राप्त कीर्तिमानबारे जानकारी गराइएको ।)

४. सन् २०२० अगस्ट १२ मा मनाइएको अन्तर्राष्ट्रिय युवा दिवसको नारा के हो ?

✍ युथ इन्गेजमेन्ट फर ग्लोबल एक्सन ।
(राष्ट्रिय नारा : विश्व अभियानका लागि युवा सहभागिता, रोजगार, प्रवर्द्धन र वातावरण संरक्षणमा युवा संलग्नता)

५. नेपालको कुन ठाउँमा सुनौला रङको कछुवा फेलापरेको छ ?

✍ जनकपुर ।
(सन् २०१८ अप्रिल १४ का दिन जनकपुरमा यो कछुवा पहिलोपटक देखिएको थियो । विश्वव्यापी अध्ययन गर्न र पुष्टि गर्न भने दुई वर्ष लागेको । नेपालमा सुनौलो रङ भएको कछुवा पहिलोपटक अभिलेख भएको पुष्टि गर्दै हर्पेटो नोट्समा २०२० अगस्ट ६ मा अध्ययन प्रतिवेदनका रूपमा छापिएको ।)

६. चेपाङ सङ्ग्रहालयको निर्माण कहाँ गरिने भएको ?

✍ राक्सिराङ, मकवानपुर ।

७. नेपालको अद्यावधिक नक्साको अङ्ग्रेजी संस्करण कहिले स्वीकृत गरियो ?

✍ विसं २०७७ साउन ३० ।

- नापी विभागद्वारा तयार पारिएको नक्सा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री पद्माकुमारी अर्यालद्वारा स्वीकृत गरिएको ।
- अङ्ग्रेजी संस्करणको नक्सा प्रकाशन भएसँगै संयुक्त राष्ट्रसङ्घ, कूटनीतिक नियोग तथा समग्र अन्तर्राष्ट्रिय जगत्मा पठाउन बाटो खुलेको ।
- विगतमा विभिन्न कारणले छुट्न पुगेको लिम्पियाधुरा, लिपुलेक, कालापानीसहितको नक्सा २०७७ जेठमा प्रकाशन गरिएको थियो ।

८. कोरोना भाइरसविरुद्धको खोप तयार पारिएको घोषणा गर्ने पहिलो राष्ट्र कुन हो ?

✍ रूस (सन् २०२० अगस्ट ११) ।

- रूसका राष्ट्रपति भ्लादिमिर पुटिनले विश्वकै पहिलो कोरोना भाइरसविरुद्धको खोप रूसले बनाएको घोषणा (सन् २०२० अगस्ट ११ मा) गरेको ।
- सो खोपलाई 'स्पुतनिक भी' (रूसको पहिलो उपग्रह स्पुतनिकबाट) नामकरण गरिएको ।
- मस्कोस्थित गेमेलिया रिसर्च इन्स्टिच्युटले एडेनोभाइरसलाई आधार बनाई यो खोप विकास गरेको ।

९. अमेरिकी राष्ट्रपति चुनावमा डेमोक्रेटिक पार्टीको तर्फबाट उपराष्ट्रपति पदमा उम्मेदवार बन्ने भारतीयमूलकी महिला को हुन् ?

✍ कमला हैरिस ।

१०. अस्टिम्की चाड कुन जातिमा प्रचलनमा रहेको छ ?

✍ थरू ।

- महिला व्रत बसेर पूजाआजा गरी दुई दिनसम्म अस्टिम्की चाड मनाउने परम्परा थारू समुदायमा रहेको ।
- चाडको सुरुको दिन बिहानै गाउँका भलमन्सा वा बडघरको घरमा बहरी (बैठक कोठा)का भित्ता लिपपोत गरी चुनले रङ्ग्याएर भगवान् श्रीकृष्ण र उनको जीवनमा आधारित चित्रहरू कोर्ने परम्परा रहेको ।
- चाडको दोस्रो दिन बिहानै भगवान् श्रीकृष्णको पूजाआजा गरिने । पूजाआजा सकेपछि त्यहाँ चढाइएका पूजा सामग्री त्यही बिहान नदी-खोलामा सेलाउने गरिन्छ । नदी-खोलाबाट नुहाएर आएपछि घरमा फुलौरी, माछाको सुकुटी, खरियालगायतका परिकार खाने गरिन्छ । खानुअघि प्रत्येक परिकारबाट केही भाग निकालेर राखिन्छ, जसलाई फरहार भनिन्छ । सो परिकारलाई विवाहिता छोरीचेलीलाई अग्रासन (कोसेली) का रूपमा दिने चलन छ ।

११. सन् २०२० अगस्टमा श्रीलङ्काको प्रधानमन्त्री बन्न सफल राजनीतिज्ञ को हुनुहुन्छ ?

✍ महिन्दा राजापाक्षे ।

- उहाँले सन् २०२० अगस्ट ९ मा प्रधानमन्त्री पदको शपथ लिनुभएको ।
- श्रीलङ्का पोदुजाना पेरामुना पार्टीका नेता एवम् राष्ट्रपति महिन्दा राजापाक्षे योसहित चौथोपटक प्रधानमन्त्री पदको शपथ लिएको ।
- राजापाक्षेको दल पोदुजाना पेरामुनाले सन् २०२० अगस्ट ५ मा सम्पन्न चुनावमा २२५ सदस्यीय संसद्मा १४५ स्थानमा जित हासिल गरेको ।
- श्रीलङ्काको इतिहासमा भाइ गोटाबाया राष्ट्रपति र दाइ महिन्दा राजापाक्ष एकैपटक मुलुकको दुई सर्वोच्च राजनीतिक पदमा पुग्न सफल भएको ।

१२. विश्वकै सबैभन्दा अग्लो जिराफ कहाँ रहेको छ ?

✍ अस्ट्रेलिया ।

- अस्ट्रेलियाको किन्सल्यान्डस्थित चिडियाखानामा रहेको सो जिराफ विश्वकै सबैभन्दा अग्लो भएको गिनिज वर्ल्ड रेकर्डले घोषणा (सन् २०२० अगस्ट) गरेको ।
- सो जिराफको उचाइ १८ फिट ८ इन्च रहेको ।

१३. द्वितीय विश्वयुद्धमा ब्रिटिस इन्डियाको सहयोगका लागि पठाइएको नेपाली सैन्य टोलीको नेतृत्व कसले गरेको थियो ?

✍ एकराज शमशेर र ब्रह्मशमशेर ।

१४. नेपालमा कागजपत्रमा मिति उल्लेख गर्दा तिथि र बार लेख्ने चलन कहिलेसम्म कायम थियो ?

✍ विसं १९६१ माघ ।

१५. प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा कस्तो निर्वाचन प्रणाली अपनाउने व्यवस्था छ ?

✍ पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणाली ।

१६. नेपालको प्रदेशसभा कति सदनात्मक हुने व्यवस्था छ ?

✍ एक ।

१७. नेपाली भाषाका प्रथम कवि कसलाई मानिन्छ ?

✍ सुवानन्द दास ।

१८. टिमको सबैभन्दा लोकप्रिय र सिपालु खेलाडीलाई के भनी चिनिन्छ ?

✍ मार्की खेलाडी ।

१९. सरकारले सात प्रदेशका कति स्थानमा एकीकृत बस्ती निर्माण गर्ने भएको छ ?

✍ ८ ।

- अव्यवस्थित सहरी विकासले सहरको सौन्दर्य गुम्नुको साथै बस्ती बसिसकेपछि पूर्वाधार निर्माण गर्न पनि खर्चिलो र झन्झटिलो हुने भन्दै सो कुरालाई व्यवस्थित गर्ने उद्देश्यसाथ एकीकृत बस्ती विकास गरिने भएको ।
- सहरी विकास तथा भवन निर्माण विभागका अनुसार एकीकृत बस्तीका लागि छानिएका स्थानमा पहिलो चरणमा सडक र ढल निर्माणका साथै केही स्थानमा हाटबजार पनि विकास गरिने भएको ।
- पहिलो चरणमा निर्माण गरिने हाटबजार, सडक र ढल निर्माण गर्नका लागि र २ अर्ब ६७ करोड ४० लाख रुपैयाँ लागत अनुमान गरिएको ।
- एकीकृत बस्ती विकासका लागि छनोट गरिएका आठ स्थानहरू :
- प्रदेश १ - ओखलढुङ्गाको रामपुर
- प्रदेश २ - रौतहटको भवानीपुर
- बागमती प्रदेश - सिन्धुलीको कपिलाकोट
- गण्डकी प्रदेश - बागलुङको बलेवा
- प्रदेश ५ - रोल्पाको माडीचौर
- कर्णाली प्रदेश - मुगुको गमथा
- सुप प्रदेश : बझाङको चौरजहारी र बाजुराको मार्तडी
- सरकारले दिनुपर्ने सार्वजनिक सेवाका आधारभूत पूर्वाधार एकै स्थानमा निर्माण गरी त्यस स्थानमा बस्ती विकास गर्ने प्रणाली नै एकीकृत बस्ती विकास हो ।
- सरकारले बनाएको योजनाअनुसार एकीकृत बस्तीमा सडक, ढल, खानेपानी, विद्युत्, हेल्थपोस्ट, अस्पताल, विद्यालय, सेवाकेन्द्र, बैङ्क तथा वित्तीय संस्था, उद्योग, कलाकारखानालगायतका १५ देखि २० किसिमका सामाजिक, आर्थिक, साँस्कृतिक पूर्वाधारहरू निर्माण गरिने ।

२०. सर्वोच्च अदालतले अनलाइन तारेख सेवा कहिलेदेखि सुरु गरेको हो ?

✍ विसं २०७१ मङ्सिर १४ ।

- सर्वोच्च अदालतमा दर्ता गरी तारेखमा बसेका मुद्दाका पक्षहरूलाई सुविधा प्रदान गर्ने उद्देश्यले सर्वोच्चमा नआईकनै आफूलाई पायक पर्ने नजिकको जिल्ला अदालत वा पुनरावेदन अदालतबाट अनलाइन तारेख लिन सक्ने व्यवस्था गरिएको ।
- तत्काल देशभरिका ३१ जिल्ला अदालत तथा नौ पुनरावेदन अदालतमा लागू गरिएको यो सेवापश्चात् तारेखपिच्छे राजधानी आउनुपर्ने र अनावश्यक खर्च हुने पीडाबाट सर्वसाधारणलाई राहत हुने ।
- यसका साथै मुद्दाको दर्ता नम्बर, दर्ता मिति, पेसी मिति, आदेश वा फैसलाको जानकारी मोबाइल एसएमएसबाटै उपलब्ध हुने व्यवस्था गरिएको ।

२१. व्यावसायिक कफी खेती सर्वेक्षण (२०७५) अनुसार कफी उत्पादनमा नेपालको पहिलो जिल्ला कुन हो ?

✍ काभ्रेपलाञ्चोक ।

- सो सर्वेक्षणअनुसार दोस्रो र तेस्रो स्थानमा क्रमशः स्याङ्जा र सिन्धुपाल्चोक रहेका ।
- सर्वेक्षणमा ५० बोटभन्दा धेरै खेती गर्ने कृषकहरूलाई व्यावसायिक खेती गर्ने कृषकका रूपमा सूचीकृत गरिएको ।
- सर्वेक्षणअनुसार कफी खेती गर्ने किसान ६,३४६ रहेका ।
- कफी उत्पादनमा प्रदेश नं. ३ पहिलो स्थनमा रहेको ।
- तथ्याङ्क विभागका अनुसार ७७ जिल्लामध्ये मध्यपहाडी क्षेत्रका ३२ जिल्लामा कफी खेती हुँदै आएको ।

२२. इनर्जी बैङ्किङको अवधारणाअनुरूप नेपालमा उत्पादित बिजुली भारत निकासीको सुरुवात कहिले गरियो ?

✍ विसं २०७६ असार २७ ।

२३. डीएएनआइडीए (डानिडा)को पूरा रूप के हो ?

✍ डेनिस इन्टरनेसनल डेभलपमेन्ट एजेन्सी ।

- प्रजातन्त्र, मानवअधिकार, सामाजिक विकास, पर्यावरण एवम् दिगो विकासका क्षेत्रमा विभिन्न राष्ट्रलाई सहयोग प्रदान गर्दै आएको यो संस्थाको स्थापना सन् १९६२ मा भएको ।
- यसको मुख्यालय डेनमार्ककको कोपनहेगनमा रहेको ।

२४. नेपालको इतिहासमा हालसम्मकै लामो संसद् अधिवेशन कति दिन सञ्चालन भएको थियो ?

✍ ३८१ दिन (विसं २०७३ वैशाख २१-२०७४ जेठ ४ सम्म) ।

२५. नेपाल विज्ञान तथा प्रविधि प्रज्ञाप्रतिष्ठान (नास्ट)ले विदेशमा रहेका नेपाली वैज्ञानिकको ज्ञान र सीपलाई स्वदेशमा सदुपयोग गर्ने उद्देश्यसाथ सञ्चालन गर्न थालेको कार्यक्रम कुन हो ?

✍ ब्रेन पुलिङ ।

- विदेशमा रहेर विभिन्न विषयमा अनुसन्धान गरिरहेका वैज्ञानिकलाई नेपालमा आएर नयाँ खोज र अनुसन्धानका लागि प्रेरित गर्न ब्रेन पुलिङ कार्यक्रम सञ्चालन गर्न थालिएको ।
- सो कार्यक्रमअन्तर्गत जलवायु परिवर्तन, ऊर्जा, वातावरण, पूर्वाधार विकास, प्राकृतिक प्रकोप, जनस्वास्थ तथा औषधिविज्ञान, जैविक विविधता, संरक्षण एवम् सूचना प्रविधिको क्षेत्रमा अनुसन्धान हुने नास्टले जनाएको ।
- नास्टले यसअघि 'फर्क है फर्क वैज्ञानिक, तिमीलाई डाक्छ नेपाल' कार्यक्रम सञ्चालन गरेको ।

२६. नेपालमा पहिलोपटक राष्ट्रिय जनस्वास्थ्य सर्वेक्षण कहिले गरियो ?

✍ सन् १९९६ ।

- नेपालमा सन् २०१६ मा पाँचौं राष्ट्रिय जनस्वास्थ्य सर्वेक्षण सम्पन्न भएको ।
- नेपालमा प्रत्येक पाँच वर्षमा स्वास्थ्य सर्वेक्षण गरिँदै आएको ।

२७. सरकारले २० वर्ष पुराना सवारीसाधनलाई कहिलेदेखि सञ्चालनमा रोक लगाउने निर्णय गरेको हो ?

✍ विसं २०७४ चैत १ ।

- सरकारको निर्णयअनुसार चैत १ देखि २० वर्ष पुराना सवारीलाई कुनै पनि रुटमा चल्न इजाजत नदिइने यातायात व्यवस्था विभागले जनाएको ।
- गत वर्ष फागुनदेखि काठमाडौँ उपत्यकामा २० वर्ष पुराना सवारीसाधनको सार्वजनिक प्रयोगमा रोक लगाइएको थियो । यस निर्णयले केही पुराना सवारीसाधन हटे पनि धेरैजसो सवारीसाधन काठमाडौँ उपत्यकाबाहिर लगेर सञ्चालन भए भने केही सवारीसाधन विद्यालयलगायतले निजी सवारीसाधनका रूपमा प्रयोग गरेका थिए तर यसपटक भने सरकारले मुलुकभर नै २० वर्षभन्दा पुराना सवारीसाधनलाई सञ्चालनमा रोक लगाउने निर्णय गरेको ।
- पुराना सवारीसाधन हटाएर वायु प्रदूषण केही कम गर्न सकिने बताइएको ।
- चीन, भारत, बेलायत, फ्रान्स, नर्वेलगायतका मुलुकले सन् २०३० सम्म सबै सवारी साधनलाई विद्युतीय बनाउने घोषणा गरेका ।

२८. सरकारले 'सुरक्षित मातृत्वसम्बन्धी विशेष अभियान सञ्चालन वर्ष' का रूपमा कुन वर्षलाई घोषणा गरेको हो ?

✍ विसं २०७५ (वैशाख पहिलो सातादेखि अभियान प्रारम्भ गरिएको ।)

२९. अन्तर्राष्ट्रिय हवाई परिवहन विषयक नियम एकीकरण गर्नेसम्बन्धमा व्यवस्था भएको महासन्धि 'मन्ट्रियल महासन्धि' कहिलेदेखि लागू भएको हो ?

✍ सन् २००३ नोभेम्बर ४ ।

- सन् १९९९ मे २८ मा अन्तर्राष्ट्रिय हवाई यात्रुको सुरक्षा सम्बन्धमा क्यानडाको मन्ट्रियलमा पारित महासन्धि सन् २००३ नोभेम्बर ४ देखि कार्यान्वयनमा आएको ।
- हवाई यात्राका सिलसिलामा उत्पन्न हुने जोखिमबाट यात्रीलाई सुरक्षित बनाउन, हवाई यात्राको विश्वसनीयता बढाउन र अन्तर्राष्ट्रिय यात्राका क्रममा हुने क्षतिबापत सुनिश्चित क्षतिपूर्ति दिलाउन यस महासन्धिले सहयोग पुग्ने ।
- यो महासन्धि व्यक्ति, ब्यागेज तथा कार्गोको पारिश्रमिक लिई हवाईजहाजबाट गरिएका सबै अन्तर्राष्ट्रिय यात्रामा लागू हुने ।
- यस महासन्धिमा आइकाओका १९१ सदस्य राष्ट्रमध्ये १३१ राष्ट्र पक्षराष्ट्र रहेका ।

३०. विश्वको सबैभन्दा लामो रेल कहाँ रहेको छ ?

✍ अस्ट्रेलिया ।

- अस्ट्रेलियास्थित फलाम तथा स्टिल उत्पादक कम्पनी बीएचपी बिलिसनद्वारा आफ्नो मालसामान ओसारपसारका लागि सञ्चालनमा ल्याइएको यो रेलमा ६८२ बोगी (डिब्बा) रहेका ।
- एक पटकमा ८२ हजार टन भार बोक्न सक्ने क्षमतायुक्त यो रेलको लम्बाइ ७.३५३ किलोमिटरबराबर रहेको ।

प्रस्तुतकर्ता : टङ्क केसी

● विषयगत प्रश्नोत्तर

प्रदेश प्रमुखसम्बन्धी व्यवस्था

१. नेपालको संविधानमा प्रदेश प्रमुखसम्बन्धी के-कस्तो व्यवस्था छ ? चर्चा गर्नुहोस् ।

✍ नेपालको संविधानको भाग १३ मा प्रदेश कार्यपालिका र भाग १४ मा प्रदेश व्यवस्थापिकासम्बन्धी व्यवस्था छ । यी व्यवस्थाहरू अनुसार प्रदेश प्रमुख नेपाल सरकारको प्रतिनिधि हुने र निजको नियुक्ति राष्ट्रपतिबाट हुने व्यवस्था छ । सङ्घीय संसद्मा राष्ट्रपतिले निर्वाह गर्ने भूमिकासरह प्रदेशमा प्रदेश प्रमुखको भूमिका हुने व्यवस्था देखिन्छ । नेपालको राष्ट्रपति सङ्घीय संसद् र प्रदेशसभाका सदस्यबाट निर्वाचित हुनुपर्ने व्यवस्था छ भने प्रदेश प्रमुख मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट नियुक्त हुने र प्रदेश प्रमुखको पदावधि पाँच वर्षको भए पनि सोअगावै राष्ट्रपतिले निजलाई पदमुक्त गर्न सक्ने व्यवस्थाले सङ्घीय प्रणालीमा केन्द्रको नियन्त्रण प्रदेशमाथि हुने भएको देखिन्छ ।

- प्रदेश प्रमुखको काम, कर्तव्य र अधिकार
- प्रदेशसभामा बहुमतप्राप्त संसदीय दलको नेतालाई मुख्यमन्त्री नियुक्ति गर्ने,
- मुख्यमन्त्रीको सिफारिसमा मन्त्रिपरिषद् गठन गर्ने,
- प्रदेशको मुख्यमन्त्री र मन्त्रीहरूलाई शपथ खुवाउने,
- प्रदेशसभाको अधिवेशनको आह्वान र अन्त्य गर्ने,
- प्रदेशसभाको बैठकलाई सम्बोधन गर्ने,
- विधेयक प्रमाणीकरण गर्ने,
- अध्यादेश जारी गर्ने,
- मुख्यमन्त्रीले पदबाट दिएको लिखित राजीनामा स्वीकृत गर्ने,
- सङ्घीय शासन लागू भएका कारणबाट प्रदेश कार्यकारिणी कायम नरहेमा नेपाल सरकारको निर्देशनबमोजिम प्रदेशको कार्यकारिणी अधिकार प्रयोग गर्ने ।

प्रदेश प्रमुखको योग्यता :

(क) सङ्घीय संसद्को सदस्य हुन योग्य भएको,
(ख) पैंतीस वर्ष उमेर पूरा भएको,
(ग) कुनै कानुनले अयोग्य नभएको,

प्रदेश प्रमुखको शपथ :

- प्रदेश प्रमुखले आफ्नो कार्यभार सम्हाल्नुअघि सङ्घीय कानुनबमोजिम राष्ट्रपतिसमक्ष पद तथा गोपनीयताको शपथ लिनुपर्ने,

मुख्यमन्त्रीले प्रदेश प्रमुखलाई जानकारी दिने :

(क) प्रदेश मन्त्रिपरिषद्का निर्णय,
(ख) प्रदेशसभामा पेस गरिने विधेयक,
(ग) उल्लिखित विषयमा प्रदेश प्रमुखले जानकारी मागेको अन्य आवश्यक विवरण,
(घ) प्रदेशको समसामयिक परिस्थिति ।

प्रदेश प्रमुखको पद रिक्त हुने अवस्था :

(क) निजले राष्ट्रपतिसमक्ष लिखित राजीनामा दिएमा,
(ख) निजको पाँच वर्षको पदावधि समाप्त भएमा वा सोअगावै राष्ट्रपतिले निजलाई पदमुक्त गरेमा,
(ग) निजको मृत्यु भएमा,

- कुनै प्रदेशको प्रदेश प्रमुखको पद रिक्त भएको अवस्थामा प्रदेश प्रमुखको नियुक्ति नभएसम्मका लागि राष्ट्रपतिले अर्को कुनै प्रदेशको प्रदेश प्रमुखलाई त्यस्तो प्रदेशको समेत कामकाज गर्नेगरी तोक्न सक्ने ।

२. नेपालको विद्यमान राजनीतिक विभाजन के-कस्तो रहेको छ ? उल्लेख गर्नुहोस् ।

✍ नेपालको संविधानको धारा ५६ मा राज्यको संरचनासम्बन्धी व्यवस्था गरिएको छ । जसअनुसार नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने, राज्यशक्तिको प्रयोग सङ्घ, प्रदेश र स्थानीय तहले संविधान तथा कानुनबमोजिम गर्ने व्यवस्था छ । संविधानको अनुसूची-४ मा सातवटा प्रदेश र प्रदेशमा रहने जिल्लाहरूको व्यवस्था गरिएको छ । नेपालको विद्यमान राजनीतिक विभाजनसम्बन्धमा संविधानमा गरिएको यस व्यवस्थालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

प्रदेश नं. १

१. ताप्लेजुङ २. पाँचथर ३. इलाम ४. सङ्खुवासभा ५. तेह्रथुम ६. धनकुटा ७. भोजपुर ८. खोटाङ ९. सोलुखुम्बु १०. ओखलढुङ्गा ११. उदयपुर १२. झापा १३. मोरङ १४. सुनसरी

प्रदेश नं. २

१. सप्तरी २. सिरहा ३. धनुषा ४. महोत्तरी ५. सर्लाही ६. रौतहट ७. बारा ८. पर्सा

बागमती प्रदेश

१. दोलखा २. रामेछाप ३. सिन्धुली ४. काभ्रेपलाञ्चोक ५. सिन्धुपाल्चोक ६. रसुवा ७. नुवाकोट ८. धादिङ ९. चितवन १०. मकवानपुर ११. भक्तपुर १२. ललितपुर १३. काठमाडौँ

गण्डकी प्रदेश

१. गोरखा २. लमजुङ ३. तनहुँ ४. कास्की ५. मनाङ ६. मुस्ताङ ७. पर्वत ८. स्याङ्जा ९. म्याग्दी १०. बाग्लुङ ११. नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

प्रदेश नं. ५

१. नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) २. रूपन्देही ३. कपिलवस्तु ४. पाल्पा ५. अर्घाखाँची ६. गुल्मी ७. रुकुम (पूर्वी भाग) ८. रोल्पा ९. प्युठान १०. दाङ ११. बाँके १२. बर्दिया

कर्णाली प्रदेश

१. रुकुम (पश्चिम भाग) २. सल्यान ३. डोल्पा ४. जुम्ला ५. मुगु ६. हुम्ला ७. कालिकोट ८. जाजरकोट ९. दैलेख १०. सुर्खेत

सुदूरपश्चित प्रदेश

१. बाजुरा २. बझाङ ३. डोटी ४. अछाम ५. दार्चुला ६. बैतडी ७. डडेल्धुरा ८. कञ्चनपुर ९. कैलाली

३. दोहोरो लेखा प्रणाली भन्नाले के बुझिन्छ ? नेपाल सरकारले यो प्रणाली लागू गर्नाका कारणहरू लेख्नुहोस् ।

✍ आर्थिक कारोबारका दुई पक्ष एउटा प्राप्त गर्ने र अर्को भुक्तानी गर्ने दुवैलाई प्रभाव पर्नेगरी अभिलेख राख्ने पद्धतिलाई दोहोरो लेखा प्रणाली भनिन्छ । आर्थिक कारोबारका यी दुई पक्षमध्ये एउटा डेबिट हुन्छ र अर्को क्रेडिट हुन्छ । डेबिट र क्रेडिट दुवै पक्ष बराबर हुन्छन् । आर्थिक कारोबारमा त्रुटि एवम् गल्ती हुन नदिई आर्थिक कारोबारको यथार्थ अवस्था पत्ता लगाउन यसले सहयोग गर्छ । यसलाई इटालीका ल्युका पेसिओलीले सन् १४९४ मा प्रतिपादन गरेका थिए । नेपालको वर्तमान लेखा प्रणाली यही दोहोरो लेखा प्रणालीमा आधारित छ ।

- नेपाल सरकारले दोहोरो लेखा प्रणाली लागू गर्नाका कारण
- दोहोरो लेखा प्रणालीमा आर्थिक कारोबारमा संलग्न दुवै पक्षको लेखा राखिने, दुवै पक्षको दोहोरो लेखा राख्दा आर्थिक कारोबारमा त्रुटि तथा छलकपट नहुने र भएमा सजिलै पत्ता लगाउन सकिने हुन्छ । यसबाट आर्थिक कारोबार स्वच्छ रहने, पारदर्शिता झल्किने तथा विश्वास बढ्ने हुन्छ । समयमै त्रुटिरहित भरपर्दो प्रतिवेदन बनाउन सहयोग पुग्छ । यसैले गर्दा नेपाल सरकारले यो प्रणाली लागू गरेको हो । यसका अरू थप कारणहरू निम्न छन् :
- सरकारी आर्थिक कारोबारको यथार्थ अवस्था पत्ता लगाउन,
- आर्थिक कारोबारको प्रारम्भिक अभिलेख गोश्वारा भौचरदेखि बैङ्क नगदी किताब, बजेट सिट, मासिक, चौमासिक एवम् वार्षिक प्रतिवेदनलगायतका सबै कार्यमा शुद्धता कायम गर्न,
- सरकारी नीति, योजना, कार्यक्रम तथा बजेट निर्माणका लागि आवश्यक पर्ने वित्तीय सूचना समयमै पुऱ्याउन,
- आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन,
- सरकारी लेखा परीक्षण कार्यलाई सरल बनाउन,
- सरकारी आर्थिक कारोबारमा एकरूपता कायम गर्न,
- सरकारी लेखा प्रणालीलाई अन्तर्राष्ट्रिय मापदण्डमा आधारित बनाउन ।

४. बैङ्क तथा वित्तीय संस्थासँग सम्बन्धित देहायका विषयको अर्थ स्पष्ट गर्नुहोस् ?

✍ क. विद्युतीय कारोबार ख. लिजिङ ग. हाइपोथिकेसन कर्जा घ. प्रतीतपत्र

क. विद्युतीय कारोबार :

- टेलिफोन, टेलेक्स, कम्प्युटर, म्याग्नेटिक टेप वा त्यस्तैप्रकारका अन्य विद्युतीय उपकरणको माध्यमबाट निक्षेप लिने, भुक्तानी दिने, रकमान्तर गर्ने कारोबारलाई विद्युतीय कारोबार भनिन्छ । यसले टर्मिनल, अटोमेटेड टेलर मेसिन (एटीएम), क्यास डिस्पेन्सिङ मेसिनको माध्यमबाट हुने कारोबार, चार्ज कार्ड, डेबिट कार्ड तथा क्रेडिट कार्डबाट हुने कारोबारलाई पनि जनाउँछ ।

ख. लिजिङ :

- चल अचल सम्पत्तिको स्वामित्व निश्चित अवधिका लागि बैङ्क तथा वित्तीय संस्थासँगै रहने, ग्राहकले भोगाधिकारमात्र प्राप्त गरी सो बापत निश्चित समयतालिकामा रकम बुझाउने सम्झौताबमोजिमको कार्यलाई लिजिङ भनिन्छ ।

ग. हाइपोथिकेसन कर्जा :

- मालवस्तु स्टकको धितोमा बैङ्क तथा वित्तीय संस्था र ऋणीबीच सम्झौता भई प्रवाह गरिएको कर्जालाई हाइपोथिकेसन कर्जा भनिन्छ । यसमा मालवस्तु स्टकको भोगाधिकार सम्बन्धित ऋणीमै कायम रहन्छ ।

घ. प्रतीतपत्र :

- कुनै एक बैङ्क तथा वित्तीय संस्थाले कुनै अर्को बैङ्क तथा वित्तीय संस्थाको नाममा कुनै व्यक्तिको निश्चित रकमले खामेसम्मको चेक, ड्राफ्ट, विनिमेयपत्र स्वीकार गर्नु भनी लेखेको पत्रलाई प्रतीतपत्र भनिन्छ ।

प्रस्तुतकर्ता : हेमचन्द्र शर्मा